**Nepalese Culture**
**Vol. 16 : 92-102, 2023**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v16i1.54156**

# बलम्वु क्षेत्रका लिच्छवीकालिन शिलालेखहरूको वर्तमान अवस्था

## The Contemporary state of the Lichhavi Inscriptions of Balmbu (Nepal)

**सागर श्रेष्ठ**
शोधार्थीः एम्फिल्, संस्कृति विभाग, त्रि.वि
ssagarsstha7@gmail.com

## Abstract

*This article is based on the present situation of stone inscription at ward no. 12 Chandragiri Municipality of Balambu area as referenced in the title. The article seeks to discuss the past and present situation of nine different stone inscriptions found at Balambu area. These inscriptions are valuable sources for the writing of Nepali's history. These inscriptions were issued by various kings such as Basanta Deva, Kramalil, Ravi Gupta, Bhauma Gupta, Amsu Varma, Gana Deva, Bhimarjuna Deva, Jishnu Gupta, Narendra Deva, Shiva Deva II play an important role to write the history of Nepal. This research is a qualitative and comparative study of the differences in the physical condition of these inscriptions that were looked into and researched fifty years ago. These inscriptions which are witnesses of Nepalese long history has not caught the attention of the related institutions. Thus, the main objective of this research is to look into the physical condition of these inscriptions at various places of the ward no 12, Balambu area Chandragiri municipality. What was the physical condition of these inscriptions fifty years ago? In what ways are they different? How many have been lost? What is there physical condition at present? This research article seeks to unfold the how and why of these present conditions of these inscription. The Department of Archaeology the local municipality and community are the major stakeholder for the conservation and preservation of the cultural heritages. This article also investigates about: Who is responsible for the conservation of these Ancient inscriptions which belong to the Lichhavi period considered to be the golden era of Nepali history. Loss and damage of the inscription create problems for verification or correction against previous researches. This research will facilitate students, researchers and others to gather information about the status and present conditions of these stone inscription.*

***Keyword:*** Chandragiri, Balambu, Inscriptions, Archaeology.

## परिचय

काठमाडौँ उपत्यकाको पश्चिम भेगमा अवस्थित चन्द्रागिरि नगरपालिका भित्रको पुरानो बस्तीको रूपमा बलम्वु गाउँ रहेको छ । जुन हाल चन्द्रागिरि नगरपालिका वडा नं. १२ भित्र पर्दछ । भौगोलिक हिसाबले बलम्वुको सिमाना उत्तरी अक्षांश २७.६९४ डिग्री र पूर्वी देशान्तर ८५.२४९० डिग्रीमा फैलिएको छ । बलम्वु क्षेत्रको सिमाना पूर्वमा नयाँ नैकाप तथा पुरानो नैकाप पर्दछ भने दक्षिणमा महादेवस्थान र सतुंगल, उत्तरमा दहचोक डाँडा तथा पुरानो नैकाप, पश्चिममा थानकोट पर्दछ । यस वडाको क्षेत्रफल २.६ वर्ग कि.मी.मा फैलिएको छ । यस वडाको आकार उत्तरबाट दक्षिणतर्फ फैलिएको छ ।

लिच्छवीकालमा बलम्वु क्षेत्र शिताटी गुल्मबाट शिताटी तल हुँदै शिताटी द्रङ्गको रूपमा परिणत भएको यहि क्षेत्रमा पाईएको लिच्छवीकालिन शिलालेखहरूबाट थाहा हुन आउँदछ (बज्राचार्य, वि.सं. २०३०, पृ. ५३४) । यस अन्तर्गत थानकोट, भेल्वु, बलम्वु, चौकीटार, मालटार, पासिंख्य, सतुंगल आदि ठाउँहरू छन् । जहाँ लिच्छवीकालिन शिलालेखहरू पाईएको छ । बलम्वुमा मात्र ९ वटा लिच्छवीकालिन शिलालेखहरू रहेका छन् । बलम्वुको वरिपरि लिच्छवीकालिन गाउँहरू जस्तै : टेग्वल ग्राम, जोल्प्रिङ ग्राम, दावाकोट्ट ग्राम, कादुङ ग्राम, माग्वल ग्राम, नुपुन ग्राम, गणिदुङ ग्राम, गंप्रोनदिङ ग्राम, न्हागुँ, फवद्रङ्ग ग्राम, आरामखर, सत्वौमालम्बा, दाँयम्बी, पुत्तीयवदु, पत्तिनारायण मन्दिर, सलम्बु राजबासक, सोतो, सिस्ति खोट्ट, गोल्लं, सोतु, गौतम आश्रम, उत्थिम नदि, पालण, वस्तुंखेत, हास्वीमविल्ली, बद्रालि, थंसम्प्रिम् देवता, तैदोस्थलं, नातिदुल, कंस्मसान आदि रहेको यहाँ पाइएको शिलालेखहरूबाट थाहा हुन आउँदछ (बज्राचार्य, वि.सं. २०३०, पृ. ५३३) । तर बलम्वुको नाम अस्पष्ट रहेकोले यहि हो भनेर बुझ्न सकेको छैन ।

बलम्वुमा पाइएको लिच्छवीकालिन शिलालेखहरूबाट यो गाउँको प्राचीनता झल्काउँछ । नेवारी समाज भन्नासाथ काठमाडौँ उपत्यकाको स्मरण हुन्छ । किनभने यस समाजको मूलथलो नै यहि उपत्यका हो (शर्मा, वि.सं. २०३९, पृ. २९७) । केहि वर्ष अगाडिसम्म यो गाउँ पुरानो बस्तीको रूपमा रहेको थियो । बसन्तदेवदेखि लिएर शिवदेव द्वितीयसम्मको लिच्छवीकालिन शिलालेख यहाँ पाइनुले लिच्छवीकालदेखि नै यो गाउँमा बसोबास रहेको देखिन्छ । अझ यहाँ पाइएको लिच्छवीकालिन शिलालेखहरूबाट गुप्तकालमा प्रशासनको दृष्टिकोणले यो क्षेत्र महत्त्वपूर्ण भएको देखाउँछ । राजा बसन्तदेवको खाद्याँः मा रहेको जलहरी जस्तो देखिने ढुङ्गाको शिलालेखमा गुप्तहरूले कुनै देवता स्थापना गरी शिलालेख राखेको अनुमान गरेकोबाट पनि यो क्षेत्रमा लिच्छवीकालदेखि नै गुप्तहरूको बसोबास थियो भन्ने अनुमान गर्न सक्छौं । वि.सं. २०३० मा धनबज्र बज्राचार्यले लेख्नुभएको पुस्तक लिच्छवीकालका अभिलेखका अनुसार बलम्वु क्षेत्रमा रहेका शिलालेखहरूमा गुप्तहरूले राजामा बिन्ति चढाएर यहाँका बासिन्दाहरूलाई कुथेर, शुल्ली, लिङ्गवल, माप्चोक अधिकरणहरूले दुःख दिन नपाउने गरी सनद शिलापत्र गर्न आग्रह गरिएबाट यस क्षेत्रमा गुप्तहरूको बासोबास रहेको स्पष्ट हुन्छ ।

पहिले पढिएका शिलालेख र अहिलेका शिलालेखहरूमा अधिक भिन्नता पाउन सकिन्छ । उचित व्यवस्थापनको कमीले शिलालेखहरू टुटफुट हुन गई त्यसमा लेखिएका अक्षरको शुद्धता परीक्षण गर्न पनि कठिन हुन जान्छ । दिनानुदिन जीर्ण बन्दै गइरहेको बलम्वुमा रहेका लिच्छविकालिन शिलालेखहरूको वर्तमान अवस्थाको बारेमा यस लेखमा चर्चा गरिएको छ ।

## शोध विधि

लिच्छवीकालिन शिलालेखहरूको वर्तमान अवस्थाको अध्ययन कार्य पूर्णतः ऐतिहासिक हो । यो एक किसिमको गुणात्मक अध्ययन हो । लिच्छवीकालिन शिलालेखहरू पहिला कस्तो थियो र अहिले कुन अवस्थामा छ भनेर तुलनात्मक अध्ययन गर्ने कार्यको लागि प्राथमिक तथा द्वितीयक श्रोतको प्रयोग गरिएको छ। प्राथमिक श्रोत अन्तर्गत प्रत्यक्ष अवलोकन तथा अन्तर्वार्ताद्वारा अध्ययन गरिएको छ। अहिले यहाँ रहेका शिलालेखहरू कुन अवस्थामा छ भनेर पत्ता लगाउन अवलोकन तथा फोटोग्राफी विधि अपनाइएको छ भने पहिला कुन अवस्थामा कहाँ रहेको थियो भनि पत्ता लगाउन स्थानीय बुढापाकाहरूसँग अन्तर्वार्ता विधिद्वारा अध्ययन गर्ने कार्य गरिएको छ। साथै पचास वर्ष अगाडि यहाँ रहेको शिलालेखको छापको पनि अभिलेखालयमा गएर अध्ययन गरिएको छ।

त्यस्तै द्वितीयक श्रोत अन्तर्गत वि.सं. २०३० सालमा प्रकाशित धनबज्र बज्राचार्यको पुस्तक "लिच्छवीकालका अभिलेख" तथा वि.सं. २०३० सालमा नै प्रकाशित हरिराम जोशीको पुस्तक "नेपालको प्राचीन अभिलेख" लाई आधार मानेर अध्ययन गरिएको छ । यसैगरी नेपाली तथा विदेशी विद्वान्हरूका लेख रचना, विभिन्न पत्रापत्रीकामा छापिएका लेखहरू तथा जर्नलका लेखहरू अध्ययन गरीएको छ । अहिलेको अवस्थामा लिच्छवीकालिन शिलालेखहरूको अवलोकन गर्दा कतिपय अक्षरहरू कुनै पढ्न नसकिने, कुनै नबुझिने, कुनै काई झ्याउले छोपिएको, कुनै शब्द उप्किएको (उछिट्टिएको) पाईएको छ। पहिलेको शिलालेख र अहिलेको शिलालेखमा आएको भिन्नता देखाउन विभिन्न विद्वानहरूद्वारा लेखिएका अनुसन्धानात्मक लेख रचनाहरूको व्यापक अध्ययन गरिएको छ तथा पुराना शिलालेखहरू र अहिलेका शिलालेखहरूको तुलनात्मक अध्ययन गरिएको छ।

## विषय प्रवेश

लिच्छवीकालमा चन्द्रागिरि डाँडा र दहचोक डाँडाको बीचमा अवस्थित गाउँहरू आवाद रहेको थियो जस अन्तर्गत बलम्बु गाउँ पनि पर्दछन् । तत्कालिन समयमा राजा, महाराजा तथा सामन्तहरूले समेत यस क्षेत्रका बासिन्दाहरूलाई हक अधिकार सुम्पेको कुरा यहाँ पाइएका शिलालेखहरूबाट थाहा हुन आउँदछ। नेपालकै इतिहास लेखनमा महत्त्वपूर्ण मानिएको यस क्षेत्रका शिलालेखहरू धेरै जोखिममा रहेको पाइएको छ। दिनानुदिन यी शिलालेखहरू टुटफुट हुने, नष्ट हुने, हराउने क्रम बढेको छ । वर्षा, बाढी, पहिरो, भूकम्प, भू-क्षय, चोरी जस्ता कारणहरूले पनि शिलालेखहरू नष्ट हुँदै गईरहेको छ भने, सरकारी संरचना बनाउँदा या बाटो फराकिलो पार्ने क्रममा शिलालेखहरू टुटफुट हुनाका साथै जथाभावी सार्ने क्रममा लिच्छवीकालिन शिलालेखहरूको हराउँदै गइरहेको छ। यसै क्रममा बलम्बु क्षेत्रमा रहेका लिच्छवीकालिन शिलालेखहरूको अवस्था झनझन नाजुक हुँदै गइरहेको छ। संरक्षण गर्ने निकायको अभाव र शिलालेख संरक्षणको महत्त्व बुझ्न नसकेर पनि शिलालेखहरू नष्ट हुने क्रम जारी छ। पूजा सामग्रीको प्रयोग तथा पानी छ्याप्दा शिलालेखहरू पढ्न नसकिने गरी खिइएर गइरहेका छन्। यसैक्रममा बलम्बुमा पाइएका ९ वटा शिलालेखहरूको हालको अवस्था यस्तो रहेको छ :

## मुख्य प्राप्ति तथा छलफल

### बलम्वु खाद्यांको बसन्तदेवको शिलालेख

बलम्वु महालक्ष्मी मन्दिर नजिकै काभ्रोको रुखमुनि रहेको यो लिच्छवीकालिन शिलालेख बसन्तदेवको मानिएको छ। यसमा ३८ वटा अक्षरहरू लेखिएको पाइएको छ। तथापि यसमा बसन्तदेवको नाम रहेको छ। यस शिलालेखलाई बसन्तदेवको अन्तिम समयतिरको मानिएको छ। यो शिलालेखलाई सर्वप्रथम पूर्णिमा ५ पूर्णाङ्कको ७१ पृष्ठमा संशोधन मण्डलाद्वारा छापिएको छ। थुल्ल गुप्त, शुभ गुप्तले देवता स्थापना गरी यो शिलालेख राखिएको अनुमान गरिएका छन्। लिच्छवीकालिन शिलालेखहरूमा गुप्तहरूको शासनको उल्लेखले त्यसबेला गुप्तहरू शक्तिशाली रहेको बुझिन्छ।

स्थानीय बासिन्दाको चेतनाको अभावले यो शिलालेख अहिले हराईरहेको छ। पहिले काभ्रोको रुखमुनि रहेको यो शिलालेख अहिले त्यो रुख काटेर यहाँ ढुङ्गा बिछ्याउने क्रममा गलत ठाउँमा पर्न गएर त्यसो भएको हो भन्न सकिन्छ।

### पासिंख्यको बसन्तदेवको शिलालेख

बलम्वु गाउँको उत्तरपट्टि खोला पारी पासिंख्य भन्ने ठाउँमा यो शिलालेख रहेको छ। यो शिलालेखको शिरो भागमा दायाँबायाँ फुटि, चोइटा, उप्किसकेको र अक्षर खिइसकेको छ। यसमा सम्बत् ४५४ रहेको छ। तर व्यालिञ्जरले यस शिलालेखलाई सम्बत् ३५४ भनि लेख्नु भएको छ। यसमा २८० वटा अक्षर रहेको छ। यस शिलालेखमा राजा बसन्तदेवले मानगृह राजदरबारबाट सर्बदण्डनायक महाप्रतिहार रवि गुप्त र महाराज महासामन्त क्रमलीलसँग मिलि यस भेगका बासिन्दालाई कुथेर अधिकरणले लेख्यदान गर्न नपाउने स्थिति बाँधिदिएका थिए। कुनै पनि सरकारी कर्मचारीले यस गाउँमा पसी लेख्यदान गर्न नपाउने बरु लेख्यदान गर्ने सबै अधिकार ग्राम पाञ्चालीलाई नै सुम्पेको बुझिन्छ। लेख्यदान भनेको जनतालाई जग्गा सम्बन्धी नियम बनाउँदा वा जग्गा किनबेच गर्दा भू-स्वामित्वको लागि दिइने प्रमाण वा निस्सा हो।

यस शिलालेखबाट दरबारमा द्वैध शासन शुरु भईसकेको स्पष्ट हुन्छ। यसभन्दा अघिको शिलालेखमा रवि गुप्त दुतक हुन्थे भने यस शिलालेखमा राजाले गर्ने सनद पत्र समेत रवि गुप्त तथा क्रमलीलसँग मिलि गरिदिएका छन्। त्यसरी क्रमलील पनि महाराज पदवीधारी महासामन्त थिए। यिनी लिच्छवीकूलका नदेखिए पनि बसन्तदेवका सहायक शासक बन्न आईपुगेको स्पष्ट हुन्छ। अहिले पासिंख्य भन्ने स्थान नै हराईसकेको छ। त्यहि ठाउँमा गएर सोध्यो भने पनि एक दुई जना मान्छे बाहेक कसैलाई यो ठाउँको जानकारी छैन।

वि.सं २०७९ साल भन्दा केहि वर्ष अघिसम्म यो शिलालेख पासिंख्य भन्ने ठाउँमा खोलाको संगै रहेको थियो र त्यहाँ शिलालेखसँग देवाली चौर र स्थानीय बासिन्दाको कूल देवता रहेको थियो। तर खोला बढेर बाढी आउँदा शिलालेख बगाएर लगेको र त्यहाँ रहेको कूल देवता स्कूल पछाडि स्थानान्तरण गरेको एक जना स्थानीय गुठियारलाई सोध्दा सो कुरा बताउनु भएको थियो। अहिले यो शिलालेखको कुनै अत्तो पत्तो छैन। ब्यालिञ्जरले आफ्नो लेखमा यस शिलालेखको फोटो छापिएकाले यसको फोटो पाउन सकिएको छ (चित्र नं.१)।

### बलम्वुको शिलालेख (लुकु महाद्यः को खाल्डो)

यो शिलालेख बलम्वु गाउँ बाहिरको लुकु महाद्यः (ल्वखागाः) नामक खाल्डो भित्र रहेको छ । यसमा सम्बत् ४८२ लेखिएको छ । यसमा २६६ वटा अक्षर रहेको छ । (चित्र नं.२) यस शिलालेखमा भट्टारक महाराज श्री गणदेव तथा सर्वदण्डनायक महाप्रतिहार भौम गुप्तले यस क्षेत्रका बासिन्दालाई लिङ्ग्वल, माप्चोक सहित चारै अधिकरणले पस्न नपाउने गरी सनद शिलापत्र निगाह गरेको व्यहोरा लेखेको छ। यसरी महाराजको हुकुममा तामिल रहि निर्धक्क भई सुखपूर्वक बस्नु भनि लेखेको छ । थानकोट, बलम्वु र किसिपिडी भेगबाट पाईएका पाँचवटा शिलालेखहरूमा एकै भाकाका सर्वदण्डनायक महाप्रतिहार भौम गुप्तले शिताटीका तल अन्तर्गत तेग्वल र किचप्रीचिङ्ग गाउँहरूमा अड्डा खानाहरू प्रशासनिक जिम्मेवारी घटाउने कुराको लागि राजा कहाँ जाहेरी गरेकोमा राजाले त्यो कुरा सदर गरेको कुरा लेखेको छ (रेग्मी, वि.सं. २०३४) । यो शिलालेख खाल्डो भित्र रहेको छ । खाल्डो भित्र मान्छेहरू नजाने बरु माथिबाटै पूजा गर्ने र घामपानीको पनि त्यति प्रभाव नपरेकोले यो शिलालेख सुरक्षित साथ रहेको छ । तर पहिले पढिएको भन्दा अक्षरहरू कम बुझिने भईसकेको छ । पहिला पढिएको बु...ङ ग्राम अहिले पढ्न नसिकने अवस्थामा छ । अहिले खाल्डो भित्र रहेको देवता र यो शिलालेख फलामको बारले गर्दा पनि सुरक्षित अवस्थामा रहेको छ ।

### बलम्वुकै अर्को शिलालेख (हिटी गाः शिलालेख)

यस शिलालेखमा पनि माथिको लुकु महाद्यःको खाल्डोको जस्तै व्यहोरा लेखेको छ । तर यसमा २४४ वटा अक्षरहरू रहेका छन् । बलम्वु श्री महालक्ष्मी मन्दिरको ठीक पछाडि एउटा पाटी छ । पाटीको ठीक पछाडिसँगै टाँसिएको इनार छ, जसलाई 'हिटी गाः' भनिन्छ । हिटी गाः को भित्र यो शिलालेख रहेको छ । यो शिलालेख पचास वर्ष अघि गौतम बज्र बज्राचार्यज्यूले पढ्नु भएको थियो । अहिले यो शिलालेख हिटी गाः भित्र जाने खुड्किलोमा तेर्स्याएर राखिएको छ ।पानी भित्र भए पनि यो शिलालेख सुरक्षित र पढ्न सकिने खालको अवस्थामा भएता पनि बिस्तारै अक्षरहरू खिइएर गइरहेको छ । वि.सं.२०७९ सालमा हिटी गाः सँगै रहेको पाटीको पुन निर्माण गर्ने क्रममा यस शिलालेखलाई निकाली संरक्षण गर्ने बिचार स्थानियबासीको रहेको छ । यो शिलालेखलाई व्यबस्थापन गरी सबैले देख्न तथा पढन सकिने ठाउँमा राखेको खण्डमा लिच्छबिकालका शिलालेख अध्ययन गर्ने शोधार्थी तथा विधार्थीहरूलाई सजिलो हुने देखिन्छ ।

### भेल्बुको शिलालेख

बलम्वु गाउँको पशिचमपट्टि च्यार्चा खोल्सा पारि खाँद खन्दा यो शिलालेख पत्ता लागेको हो । यो शिलालेख चारैतिर खण्डित छ । यसमा सम्बत् देखिंदैन । यस शिलालेखमा यो ठाउँको सीमा लेख्ने क्रममा विभिन्न ठाउँको नाम पनि दिइएको पाईन्छ । यस शिलालेखमा १४८ वटा अक्षरहरू रहेका छन् । यस शिलालेखमा सामन्त चन्द्र बर्मा गोमीले गरेको जाहेरी मुताबिक विद्वानहरूलाई अग्रहार दिई यो शिलालेख गराई दिएको हो । यसमा लेखिएका चन्द्रवर्मागोमी एक प्रसिद्ध ग्रन्थका रचयिता भएको पनि खुल्न आएको छ (बज्राचार्य, २०३०) । तर हरिराम जोशीले "चन्द्र व्याकरणका लेख चन्द्रगोमी रहेका छन्, न कि चन्द्रवर्मागोमी । चन्द्रगोमी बौद्ध थिए, जसको कारण यिनले आफ्नो व्याकरणमा वैदिक संस्कृतको स्पर्शतक गरेनन् । यस्तो अवस्थामा यिनी अंशुवर्मा, ध्रुवदेव, जिष्णु गुप्त, आदि जस्ता शैव, वैष्णवमार्गी राजाहरूका सामन्त भएर तत्कालिन प्रशासनमा सम्मिलित भए होलान भनि सोच्नु नसकिने छ ।" (जोशी, वि.सं. २०३०) ।

बलम्वु गाउँको पश्चिमपट्टि भेल्बु खेतमा खाँद खन्दाखेरी भेटिएको यो शिलालेख हराइ रहेको थियो तर २०७९ सालमा महालक्षमी मन्दीर पछाडीको पाटी पुन निर्माण गर्ने क्रममा पाटीको मुनी यो शिलालेख भेटिएको छ र यसलाई अहिले मन्दिर भित्र राखिएको छ। पहिले पढिएको भन्दा अक्षरहरू कम भइसकेको छ। यो शिलालेखमा सामन्त चन्द्रवर्मा गोमि भनि पढिएको भाग चोइटी सकिएको छ। यसरी पहिला भन्दा कम पढ्न सकिने यस शिलालेखको संरक्षण सम्बन्धित निकायले तत्काल गर्नु आवश्यक देखिन्छ।

## बलम्वुको भिमार्जुनदेव ं जिष्णु गुप्तको शिलालेख

बलम्वु गाउँको बाहिर उत्तरपट्टि सानो चउर जस्तो ठाउँ छ, जहाँ यो शिलालेख रहेको छ। यसमा सम्बत् ५५ रहेको छ। यस शिलालेखमा भट्टारक महाराज श्री भिमार्जुनदेव र श्री विष्णु गुप्तले गिनुङ वृत्ति र दिग्वार वृत्ति पाएका कर्मचारीहरूको सम्बोधन गरिएको छ। वृत्ति भनेको जागिरको तलब वापत जागिरदारलाई दिने निश्चित जग्गा हो भनेर यस शिलालेखबाट स्पष्ट हुन आउँदछ। यस शिलालेखमा ३१९ वटा अक्षरहरू लेखिएका छन्। त्यस्तै यस भेगका बासिन्दाहरूलाई चैलकरमा माफी गरिदिएको कुरा पर्न आएको छ जसबाट यो भेगमा कपडा बुन्ने व्यवसायी बढी रहेको बुझिन्छ तर हरिराम जोशीले नोलीको पाठ पढी यसलाई तैलकर भनि पढेको छ। त्यस्तै डा. गोविन्द टण्डनले आफ्नो पुस्तक “इतिहासका थप पृष्ठहरू” मा चैलकर नै भन्नु भएको छ। यसरी एउटै शब्दलाई दुई जना विद्वानहरूले दोहोरो अर्थ लगाउनाले समस्या आएको छ। धनबज्र बज्राचार्यले कपडामा लाग्ने करलाई चैलकरको रूपमा व्याख्या गरेका छन् भने हरिराम जोशीले त्यहि शब्दलाई तेलमा लाग्ने कर तैलकर भनि व्याख्या गरेका छन्। अहिलेको यस शिलालेखको वर्तमान अवस्था हेर्दा त्यो शब्द चैलकर हो वा तैलकर हो भनि पढ्न पनि गाह्रो हुन्छ। यसरी शिलालेखको टुटफुटले यो शब्द कुन हो भनि शुद्धता परीक्षण गर्न पनि समस्या हुन्छ। यहि शिलालेखमा धनबज्र बज्राचार्य र हरिराम जोशीले पढ्नु भएका शब्दहरूको फरक निम्नानुसार छन् :

| धनबज्र बज्राचार्य | हरिराम जोशी |
|---|---|
| चैलकर | तैलकर |
| न्हागुँ | न्हासुँ |
| तैडोस्थलं | तैडोस्थणं |
| कँश्मशान | कँशुशान |
| तत एव | ततः स...क |
| माज्ञामतिक्रम्यान्यथा | मा (ज्ञामुल्लङ) ध्यान्यथा |
| कैलाशकुट भवनादति | कैलाशकुटभवनादभिमत पुण्य |
| भूमौ | मास |

यो शिलालेख अहिले बलम्वु मा.वि. को पल्लोपट्टिको भवनको पछाडिपट्टि राखिएको छ। यहाँ शिवदेव द्वितीयको सम्बत् १२९ को शिलालेखसँगै राखिएको छ। पुरातत्त्व विभागको पहलमा ईट्टाले बारेर बनाइएकोले यो शिलालेख सुरक्षित जस्तै देखिन्छ। तर कतिपय अक्षरहरू खिइसकेकोले पहिला पढिएको भन्दा थोरै पढ्न सकिन्छ।    (चित्र नं. ३)

## बलम्वुको शिलालेख (विहार)

बलम्वुको प्रणिधि पूर्ण महाविहार भित्र नयाँ संरचना बनाउने क्रममा खन्दाखेरी यो शिलालेख प्राप्त भएको थियो । यस शिलालेखमा माथिल्लो भाग खण्डित छ भने तल्लो भागको आठ लाईन मात्र पढ्न सकिएको छ । तर नोलीले two new inscriptions in Guptas characters भन्ने लेखमा ९ लाईन पढेको छ । यो शिलालेखलाइ धनबज्र बज्राचार्य र रानिइरो नोलीले सम्बत ९० भनि पढ्नु भएको छ जसकारण यो शिलालेख नरेन्द्रदेवको हो भन्ने बुझिन्छ तर अमेरीकी विद्वान ब्यालिञ्जरले यसलाई सम्बत १९० भनि पढ्नु भएको छ । यसमा १५७ वटा अक्षरहरू रहेका छन् । (चित्र नं. ४)

यस शिलालेखमा कुनै विशेष स्थिति बाँधि सनद पत्र गरिदिएको बुज्न सक्छौं साथै अघिका राजाले गरिदिएको सनदहरूको पालना पछिका राजाहरूले पनि गर्नु पर्दछ भनि उल्लेख गरिएको छ । यस शिलालेखमा आभिर गुप्तहरू समाप्त भएकोले रुद्रचन्द्र गोमी दुतकको रूपमा देखा पर्दछ । प्रणिधिपूर्ण विहार भित्र रुख रोप्न खन्दाखेरी भेट्टाइएको यो शिलालेख पहिला ईंटाको पिलर बनाएर संरक्षित गरिराखेको थियो । अहिले भने सो विहारको पर्खालको भित्तामा अव्यवस्थित रूपमा राखिएको छ । यो शिलालेख भेट्टाउँदाखेरी नै तल्लो भाग मात्र रहेको थियो ।

## बलम्वुको शिवदेव द्वितीयको शिलालेख

बलम्वु गाउँ बाहिर उत्तरपट्टि ईन्द्रमति खोल्साको किनारमा यो शिलालेख रहेको छ । धनबन्ज्र बज्राचार्यका अनुसार यसमा सम्बत् १२९ कुँदिएको छ । तर नोलीले यसलाई सम्बत् १०९ भनि पढेका छन् । यसमा १०६४ वटा अक्षरहरू रहेका छन् ।

परमभट्टारक महाराजधिराज श्री शिवदेवको यस लिच्छवीकालिन शिलालेखमा सर्वप्रथम नेपाल भुक्तिको उल्लेख भएको छ । गुप्तकालिन गुप्तहरूले भारतमा भुक्ति शब्दको प्रयोग गर्दथ्यो । यस शिलालेखमा नेपाल राज्य भन्ने अर्थमा नेपाल भुक्ति शब्दको उल्लेख परेको छ ।

त्यस्तै यो क्षेत्र शिताटी नामले प्रसिद्ध थियो, त्यसपछि शिताटी तल हुँदै मुख्य व्यापारिक केन्द्र भएपछि शाताटी द्रङ्गको रूपमा परिचित हुँदै गएको थाहा पाउन सकिन्छ । यहाँ पुत्तिनारायण मन्दिर हेरचाह गर्न, पूजाआजा गर्न दावाकोट्ट भन्ने ग्राम चढाइएको थियो । यो नारायण मन्दिरमा नैमित्तिक पूजा हुन्थ्यो । त्यस पूजा र मर्मतबाट बचेको पैसाले पशुपतिमा सुन्दर छत्र चढाउनु त्यसको उपलक्ष्यमा यात्रा (जात्रा) गर्नु भनेबाट यहाँ धार्मिक समन्वयको उदाहरण पाउँदछौं । त्यस्तै यहि दावाकोट्ट ग्रामको सिमानाहरू उल्लेख गर्ने क्रममा गौतमाश्रमको नाम आएबाट लिच्छवीकालमा यस ठाउँमा गौतम ऋषिको आश्रम भएको अनुमान लगाउन सकिन्छ । गोपाल वंशावलीले नेपाल उपत्यकाको इतिहासको शुरुतिरै गौतम आदि ऋषिहरू यहाँ आई बसेको उल्लेख गरेका छन् ।

यस शिलालेखमा पनि धनबज्र बज्राचार्य र नोलीले पढ्नु भएको पाठमा धेरै फरक आएको देखिन्छ जुन निम्नानुसारको छ :

| | |
|---|---|
| धनबज्र बज्राचार्य | नोली |
| सम्बत् १२९ | सम्बत् १०९ |
| चरण | चरणा |
| लिच्छवीकूलानन्द | लिच्छवीकूल |
| देवकूल प्रतिबद्धदा | देवकूल प्रतिबद्ध |
| वाकोट्टाभिधानो | नोज्ञाभिधानो |
| कारणपूजाव्यवशिष्टेन च द्रव्येण | कारणपूजा-वशिष्टेन दभू-ण |
| तदुपयुक्तशेषमपि | तदुपयुक्त ेष्टमपि |
| गम्प्रोन्दिन्दावाकोट्टसीमामध्ये | प्रोद्‌भि. दा कोहसि |
| इत्येतत्सीमान्तःपातिन्यस्मिन् | इत्येतत्सीमान्तःसा-ि स्मिन् |
| मवधूयान्यथा | मबज्ञायान्यथा |
| तद्‌गौरवान्तिरा संरक्षणीयस्तथा | तद्‌गौरववद्‌भिर्-संरक्षणीयो यथोक्तं |
| र्नियताभिबृद्धि | नियता-ि-ि |

यो शिलालेख स्कुलको पछाडि भीमार्जुनदेव ं जिष्णु गुप्तको शिलालेखसँगै संरक्षित अवस्थामा राखिएको छ । तर यसमा लेखिएका अक्षरहरू बाँकी रहे पनि पहिले जसरी पढिएको थियो, त्यसरी पढ्न गाह्रो अवस्थामा छ । (चित्र नं. ५)

## बलम्वुको शिलालेख (नासः द्यः सँगै)

बलम्वु महालक्ष्मी मन्दिर नजिकै बाटोमा एउटा ठूलो शिलालेख छ, जुन पढ्नै नसकिने गरी खिइएको देखिन्छ । तर यसमा सम्बत् ४५४ लेखिएबाट यो शिलालेख बसन्तदेवकालिन भएको स्पष्ट हुन्छ । यसमा १२ वटा अक्षरहरू लेखिएको छ । यो शिलालेख श्री महालक्ष्मी मन्दिर अगाडि नासःद्यः को दक्षिणपट्टि भित्तामा धारासँगै राखिएको अवस्थामा रहेको छ । यसलाई पनि ईट्टाले बारेर संरक्षण गरिएको छ । तर अहिले यसमा रहेका अक्षरहरू एउटा पनि पढ्न नसकिने अवस्थामा रहेको छ ।

## उपसंहार

चन्द्रागिरि नगरपालिका भित्र रहेको लिच्छवीकालिन शिलालेखहरू यत्रतत्र अव्यवस्थित रूपमा छरिएर रहेका छन् । सरकारले सम्पदाको व्यवस्थापन तथा संरक्षण गर्न ं"प्राचिन स्मारक संरक्षण ऐन २०१३" बनाई त्यस्ता सम्पदाको संरक्षण गर्न नीति नियम बनाएको भएता पनि सम्बन्धित निकाएको ध्यान नजांदा बलम्बु क्षेत्रका शिलालेखहरू दिनानुदिन जीर्ण बन्दै गई रहेका छन् । शिलालेखहरू जीर्ण हुँदा, चाइटिँदा वा खिइँदा अक्षर पढ्न कठीन हुने गर्दछ । यसरी पढ्न नसकिंदा पहिला पहिला जे पढिएको थियो, त्यसलाई नै मान्नु पर्ने हुन्छ । अब फेरि पढेर सच्याउन पनि गाह्रो हुन्छ । जस्तो बलम्वुको भिमार्जुन जिष्णु गुप्तको सम्बतु ५५ को शिलालेखमा धनबज्र बज्राचार्यले चैलकर, भनि पढ्नु भएको छ भने त्यसैलाई हरिराम जोशीले तैलकर भनि पढ्नु भएको छ । यस्तो अवस्थामा त्यो शब्द चैलकर हो वा तैलकर हो ? त्यसको शुद्धता परीक्षण गर्नु पऱ्यो भने सम्भव हुँदैन । त्यस्तै अरु धेरै ठाउँमा यस्तो खालको गल्ती भएको हुन सक्छ । शिलालेख धेरै खिइएर गइरहेकोले अब यस्तो परीक्षण गर्न समस्या हुन्छ ।

धेरै भारी र निकाल्न गाह्रो भएकोले शिलालेखहरू हराउनबाट बचेको छ । भक्तजनहरूले पूजा गर्ने क्रममा अबिर, सिन्दुर दल्ने, अक्षताले हान्ने, पानी छ्याप्ने गरेर धेरै शिलालेखहरू खिइएर गएको अवस्थामा छ । यस कार्यलाई जतिसक्दो चाँडो रोक्नु पर्ने हुन्छ । त्यसरी नै वर्षा, बाढी, भूकम्प, भूक्षयले गर्दा शिलालेखहरू हराउने, टुटफुट हुने, उप्किने हुँदै गइरहेको छ । त्यस्तै संरचना बनाउने, बाटो फराकिलो पार्ने, नाउँमा शिलालेखहरूलाई चलाउने र एक ठाउँबाट अर्को ठाउँमा सार्ने जस्ता क्रियाकलापबाट पनि पहिले पढिएको शिलालेखको ठाउँबाट नयाँ ठाउँमा सार्दा पछि अध्ययन गर्ने अध्यताहरूलाई शिलालेख चिन्न नै गाह्रो हुन्छ । जनप्रतिनिधिले चाहने हो भने यो कार्य गर्न त्यत्ति गाह्रो पनि देखिंदैन । घाम र पानीबाट जोगाउदै ईंटाले घेरेर अगाडि सिसाले बन्द गरिदिने हो भने संरक्षण पनि हुन्छ र देख्न पनि सकिन्छ साथै सो लिपिलाई देवनागरीमा उल्था गरेर त्यस शिलालेखको छेउमा फलामको प्लेटमा इचिङ्ग गरेर (पातामा मेसिनले अक्षर लेख्ने विधि) त्यस ठाउँमा लेख्यौं भने त्यो शिलालेख कति पुरानो हो ? कुन राजाको पालाको हो ? कुन मितिको हो ? कुन उद्देश्यले राखेको हो ? भनेर बुझ्न सक्छौं । साथै त्यसबेलाको सामाजिक जनजीवन बारे पनि यथार्थ जानकारी दिन सक्छौं ।

यहाँ रहेका लिच्छवीकालिन शिलालेखहरू संरक्षण भएमा मात्र यसपछि अध्ययन अनुसन्धान गर्ने शोधार्थी तथा जिज्ञासु विद्यार्थीहरूले यस शिलालेख बारे अनुसन्धान गर्न सक्छ । नत्र भने दिनानुदिन बिग्रँदो अवस्थामा रहेको लिच्छवीकालिन शिलालेखहरू अति नै जीर्ण तथा टुटफट भई पढ्न नसक्ने अवस्थामा नपुग्ला भन्न सकिन्न । तसर्थ लिच्छवीकालिन शिलालेखहरूको उचित संरक्षण नभएकोले यस तर्फ सबै नगरबासीको ध्यान जानु जरुरी छ साथै जनप्रतिनिधिहरू पनि सचेत भई शिलालेखहरूको संरक्षण गर्दै जानु पर्ने जरुरी देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, बाबुराम (वि.सं.२०६३), *नेपालको संक्षिप्त वृत्तान्त,* श्रीकृष्ण आचार्य ।

जोशी, हरिराम (वि.सं.२०३०), *नेपालका प्राचीन अभिलेख,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

टण्डन, गोविन्द (वि.सं.२०७७), *इतिहासका थप पृष्ठहरू,* सांग्रिला पुस्तक प्रा.लि. ।

प्राचिन स्मारक संरक्षण ऐन २०१३, *नेपाल गजेट,* नेपाल सरकार ।

वज्राचार्य, गौतमबज्र (वि.सं.२०२३), *बलम्बुको गणदेब र भौमगुप्तको अभिलेख,* पूर्णिमा वर्ष ३, अंक २ , पूर्णांक १०, संसोधन मण्डल ।

वज्राचार्य, धनबज्र (वि.सं.२०३०), *लिच्छवीकालका अभिलेख,* नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

रेग्मी, जगदीशचन्द्र (वि.सं.२०३४), *प्राचीन नेपालको राजनीतिक इतिहास,* साझा प्रकाशन ।

शर्मा, जनकलाल (वि.सं.२०३९), *हाम्रो समाज : एक अध्ययन,* साझा प्रकाशन ।


श्रेष्ठ, सागर (वि.सं.२०७४), *बलम्वुको महालक्ष्मी जात्राका साँस्कृतिक पक्षहरू,* एम.ए. शोधपत्र, त्रि.वि., संस्कृति केन्द्रीय विभाग ।

Ballinger, TO. (1957). *Five Unpublished Nepalese Inscriptions*, American Oriental Society.

Gnoli, R. (1957). *Two New Nepalese Inscriptions In Gupta Characters,* Istituto Italiano per I'Africa e I'Oriente (IsIAO).


Regmi, D.R. (1983). *Inscriptions of Ancient Nepal*, Abhinav Publications.

## बलम्वु क्षेत्रका लिच्छवीकालिन अभिलेखको पहिलेको छाप र अहिलेको अवस्था




चित्र नं १

(यो शिलालेखको छाप उपलब्ध नभएको)



चित्र नं. २

बलम्बुको अभिलेख (लुकुमहाद्यको खाल्टो)




चित्र ३

बलम्बुको भिमार्जुनदेव र जिष्णुगुप्तको अभिलेख



चित्र ४

बलम्बुको अभिलेख (विहार)



चित्र नं. ५

बलम्बुको शिवदेव द्वितीयको अभिलेख